# तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, माघ महिना ५ गते २०७६ साल (अतिरिक्ताङ्क २५**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्वत् २०७६ सालको कार्यविधि नं. २०

## कार्यविधिको नाम : तिलोत्तमा नगरपालिकाको नगर स्तरीय कृषि समिति संजाल कार्यान्वयन कार्यविधि, २०७६"

**प्रस्तावना :** कृषि क्षेत्रसँग आवद्ध निकायहरुको संलग्नता र सहभागितामा सूचना प्रवाह, जनचेतना, तथ्यांक संकलन, कार्यक्रम माग, योजना छनौट, कार्यक्रम संचालन, बजारीकरण तथा अनुगमनमा सहजीकरण गर्नुका साथै सीमित कृषि प्राविधिकको कार्य क्षमतामा बृद्धि गरी बढि भन्दा बढि सेवा प्रवाह तथा कृषकको माग सहि तरिकाले सम्बोधन गरी कृषि पेशामा बृहत्तर सुधारका साथै व्यावसायिक विकासका लागि नगरपालिकाको कृषि नीतिमा उल्लेख भए अनुरुप कृषक समूह, वडा स्तरीय कृषि फार्म समन्वय समिति, कृषि सहकारी संस्था लि. मार्फत कृषि सूचना प्रवाह तथा प्रविधि हस्तान्तरण गरी कार्यक्रम प्रभावकारी रुपले संचालन गर्ने वाञ्छनीय भएकाले, तिलोत्तमा नगरपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम **"तिलोत्तमा नगरपालिकाको नगर स्तरीय कृषि समिति संजाल कार्यान्वयन कार्यविधि, २०७६"** रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

क) **"नगरपालिका"** भन्नाले तिलोत्तमा नगरपालिका सम्झनु पर्छ ।

ख) **"विषयगत कृषक समूह"** भन्नाले वाली अनुसार विषयगत रुपमा कुनै निश्चित स्थानका कम्तिमा १५ जना कृषक आबद्ध भई नगरपालिकामा दर्ता भएको समूह सम्झनु पर्दछ ।

ग) **"वडास्तरीय कृषि फार्म समन्वय समिति"** भन्नाले तिलोत्तमा नगरपालिकामा सूचिकृत भई सम्बन्धित वडामा कृयाशिल कृषि फार्म संचालकहरुको सहभागितामा गठन भएर नगरपालिकामा दर्ता भएको समिति सम्झनु पर्छ ।

घ) **"कृषि सहकारी संस्था लि. भन्नाले"** तिलोत्तमा नगरपालिकामा सूचिकृत भई सम्बन्धित वडामा क्रियाशिल कृषि सहकारी संस्था लि. सम्झनु पर्छ ।

ङ) **"वडा स्तरीय कृषि समिति (संजाल)"** भन्नाले वडा स्तरमा गठन भई नगरपालिकामा दर्ता भएको कृषि समिति संजाल सम्झनु पर्छ ।

च) **"नगर स्तरीय कृषि समिति संजाल"** भन्नाले नगर स्तरमा गठन भइ नगरपालिकामा दर्ता भएको कृषि समिति (संजाल) सम्झनु पर्छ ।

छ) **"सदस्य"** भन्नाले कृषक समूह, कृषि सहकारी संस्था लि., वडा स्तरीय कृषि फार्म समन्वय समिति लगायत वडा स्तरीय र नगर स्तरीय कृषि समिति (संजाल)का सदस्यलाई सम्झनु पर्छ ।

ज) **"सरोकारवाला"** भन्नाले कृषि वस्तु उत्पादन एवं बजार प्रबर्द्धन कार्यमा आवद्ध संघ संस्था, फर्म वा व्यक्तिलाई सम्झनु पर्छ ।

३. **उद्देश्य तथा कार्यहरु :**

(१) यस समिति संजाल संचालन कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।

क) नगरपालिकामा कृषि व्यवसायलाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धिको लागि एकजुट भई काम गर्न सघाउ पुऱ्याउने ।

ख) नगरपालिकामा कृषक समूह सदस्यहरुमा स्वावलम्बनको ज्ञान पारस्परिक सहयोग र मितव्ययीताको भावना सिर्जना गर्ने ।

ग) नगरपालिकाको आर्थिक तथा सामाजिक विकासमा व्यावसायिक कृषि पेशाको योगदान बृद्धि गर्ने ।

(२) उपदफा (१) का उद्देश्यहरु प्राप्तिका लागि समिति संजालले देहाय बमोजिमका कार्यहरु गर्ने छ ।

क) नगरपालिका भित्र कृषि विकासकालागि संभाव्यता अध्ययन, समस्या पहिचान र समाधानका उपाय अवलम्बन गर्ने,

ख) कृषि तथ्यांक अध्यावधिक गर्न सहयोग गर्ने,

ग) कृषि विकासकालागि आवधिक रणनिती तयार गर्ने, योजना तर्जुमा गर्ने, सरोकारवाला निकायमा योजना पेश गरी स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने/गराउने जस्ता कार्यमा सहयोग गर्ने ।

घ) नगरपालिबाट संचालित कृषि कार्यक्रमको कार्यान्वयन गर्न सहयोग गर्ने तथा संचालित कार्यक्रमको अनुगमन गर्ने र पृष्ठपोषण दिने ।

ङ) नगरपालिकालाई कृषि विकाससंग सम्बन्धित नीति निर्माणमा सहयोग गर्ने ।

## परिच्छेद - २
## कार्य समिति गठन र उक्त समितिको काम, कर्तव्य र अधिकार

४. **समिति संजाल कार्य समिति गठन : समिति संजाल कार्य समितिको गठन देहाय बमोजिम हुनेछः**

क) वडास्तरीय कृषि समिति (संजाल) सदस्य

ख) नगर स्तरीय कृषि समिति संजाल सदस्य

**स्पष्टिकरण :** वडास्तरीय कृषि समिति (संजाल) सदस्य : वडा भित्र गठित कृषक समूह, वडास्तरीय कृषि फार्म समन्वय समिति कृषि सहकारी संस्था लि. बाट छनौट भई आएको प्रतिनिधि हुनु पर्दछ भने नगर स्तरीय कृषि समिति संजाल सदस्य वडास्तरीय कृषि समिति (संजाल) बाट छनौट भई आएको प्रतिनिधि हुनु पर्दछ ।

५. **समिति संजाल सदस्यको लागि निवेदनः** समिति संजालमा आवद्ध हुन आफूलाई प्रतिनिधि तोकी पठाएको संस्थाको निर्णय प्रतिलिपी र संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी साथमा राखी प्रतिनिधि भई आएकोले वडा स्तरीय कृषि समिति (संजाल) सदस्यले वडा अध्यक्ष समक्ष र नगर स्तरीय कृषि समिति संजाल सदस्यले नगर प्रमुख समक्ष सदस्यता पाऊँ भनी निवेदन पेश गर्नु पर्नेछ ।

६. **वडा स्तरीय कृषि समिति (संजाल) कार्य समिति गठनः**

(१) नगरपालिकाको प्रत्येक वडामा विषयगत कृषक समूह, वडास्तरीय कृषि फार्म समन्वय समिति, कृषि सहकारी संस्था लि.बाट सिफारिस भई आएका एक/एक जना प्रतिनिधि सदस्य रहेको साधारण सभा हुने छ जसमा समावेशीताको आधारमा ३३ प्रतिशत महिला सहित कम्तिमा ९ र बढिमा ११ सदस्य रहेको देहाय बमोजिमको कार्य समिति गठन गरिने छ ।

क) अध्यक्ष – १ जना

ख) उपाध्यक्ष – १ जना

ग) सचिव – १ जना

घ) कोषाध्यक्ष – १ जना

ङ) सदस्य – ५ देखि ७ जना

(२) **सल्लाहकार समितिः** वडा अध्यक्ष, सम्बन्धित वडा हेर्ने कृषि प्राविधिक, स्वास्थ्य चौकी प्रमुख (वडाको कृषि व्यावसाय प्रबर्द्धनमा टेवा पुऱ्याउन सक्ने व्यक्तित्व) सल्लाहकार समितिको सदस्य हुनेछन् ।

७. **वडा स्तरीय कृषि समिति (सजाल) कार्य समितिको काम, कर्तव्य र अधिकारः** वडा स्तरीय कृषि समिति (सजाल) कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) वडा स्तरमा रहेका कृषक समूह, वडास्तरीय कृषि फार्म समन्वय समिति, कृषि सहकारी संस्था लि. तथा अन्य सरोकारवालासँग समन्वय गरी वडा स्तरमा समग्र कृषि विकासको योजना तयारी र कार्यान्वयन गर्न सहयोग गर्ने ।

ख) वडा स्तरमा समग्र कृषि परियोजनाहरु संचालनमा समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

ग) कृषि विकास कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने ।

घ) वडा स्तरको वाली वस्तुको तथ्याङ्क एवं विवरणिका अध्यावधिक गर्न सहयोग गर्ने ।

ङ) नगर स्तरीय कृषि समिति संजाललाई उपयुक्त सुझाव प्रदान गर्ने ।

च) वडा स्तरमा कृषि बजार, संकलन केन्द्र, प्रशोधन केन्द्र, कस्टम हायरिंग सेन्टर आदि स्थापना, संचालन तथा संरक्षण गर्ने ।

छ) वडा स्तरमा खाद्य सुरक्षाको विश्लेषण गर्ने ।

ज) नगरपालिकाबाट तोकिएका कृषि संग सम्बन्धित कार्य जिम्मेवारी साथ सम्पन्न गर्ने ।

८. **नगर स्तरीय कृषि समिति संजाल गठनः**

(१) नगरपालिकाको प्रत्येक वडा स्तरीय कृषि समिति (संजाल) बाट तोकीई आएका एक एक जना प्रतिनिधि सदस्य रहेको कृषि समिति संजाल कार्य समिति गठन गरिने छ ।

क) अध्यक्ष - १ जना
ख) उपाध्यक्ष - १ जना
ग) सदस्यहरु - १५ जना

यस समितिको सचिवालयको काम कृषि शाखाबाट सम्पादन हुने छ ।

(२) नगर स्तरीय कृषि समिति संजालमा कम्तिमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्ने छ । स्थानीय कृषि व्यावसाय प्रबर्द्धन समितिले आवश्यक ठानेमा महिला वा विशेष व्यक्तित्व मनोनयन गरी यस समितिमा समावेश गर्न सक्ने छ ।

(३) नगर स्तरीय कृषि समिति संजालले आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्न वा बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

९. **उप–समिति गठन :** नगरस्तरीय कृषि समिति संजालले आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

१०. **नगर स्तरीय कृषि समिति संजाल कार्य समितिको काम, कर्तव्य र अधिकार :** नगर स्तरीय कृषि समिति संजाल कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नगरपालिकालाई कृषि क्षेत्रको विकासकालागि नीतिगत रुपमा सुझाब दिने ।

ख) तिलोत्तमा नगरपालिकाको नीति तथा कार्यक्रम अनुसारको कृषि विकास क्रियाकलापमा सहकार्य गर्ने

ग) वडा स्तरीय कृषि समिति (संजाल)बाट संकलन भएका माग/प्रस्तावहरुको विश्लेषण गरी महत्वपूर्ण कार्यको प्राथमिकता तोकी नगरपालिकामा आवश्यक सहयोगकालागि सिफारिस गर्ने ।

घ) नगरपालिकाको कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने ।

ङ) नगरपालिकाबाट कृषिसँग सम्बन्धित कार्यहरु तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।

च) नगरपालिकाबाट संचालित कृषि कार्यक्रमको अनुगमन/निरीक्षण गर्ने ।

छ) नगर भित्र कृषि विकास तथा प्रबर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसंग समन्वय गर्ने ।

ज) वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा नगरको खाद्य सुरक्षा अवस्था विश्लेषण गर्ने ।

**११. बैठक र निर्णय :**

(१) बैठक बस्ने र निर्णय पेश गर्ने सम्बन्धी अवस्था देहाय बमोजिम हुनेछ ।

**क)** विषयगत कृषक समूह र वडा स्तरीय कृषि फार्म समन्वय समितिः बैठक कृषि क्षेत्रको उत्थान र विकासमा केन्द्रित हुने छ भने बैठक सामान्यतया प्रति महिना १ पटक बस्ने छ ।

ख) वडास्तरीय कृषि समिति (संजाल): बैठकमा कृषि विषयमा केन्द्रित रहेर छलफल हुने छ भने बैठक सामान्यतया प्रति महिना १ पटक बस्ने छ ।

ग) नगर स्तरीय कृषि समिति संजालः बैठक सामान्यतया प्रति २ महिनामा १ पटक बस्ने छ ।

घ) नगर स्तरीय कृषि समिति संजालको अवधारणा चित्र अनुसूची १ बमोजिम हुनेछ ।

## परिच्छेद - ३
## विविध

**१२. दर्ता एवं प्रमाण–पत्रः**

**(१)** विषयगत कृषक समूह र वडास्तरीय कृषि फार्म समन्वय समितिको विधान अनुसार वडा कार्यालयको सिफारिसमा नगरपालिकामा दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउनुको साथै त्यसको अभिलेख कृषि शाखामा राखिने छ । तिनलाई क्रमशः अनुसूची २ र अनुसूची ३ बमोजिमको ढाँचामा प्रमाण पत्र उपलब्ध गराइनेछ ।

(२) वडा स्तरीय कृषि समिति (संजाल) को हकमा संस्थाको निर्णय, विधान तयार गरी वडा कार्यालयको सिफारिसमा नगरपालिकामा दर्ता गरी अनुसूची ४ बमोजिम प्रमाण पत्र उपलब्ध गराइनेछ ।

(३) नगर स्तरीय कृषि समिति संजालको विधान तयार गरी विधान बमोजिम नगरपालिकामा दर्ता गरी अनुसूची-५ बमोजिमको ढाँचामा प्रमाणपत्र उपलब्ध गराउनुको साथै सोको अभिलेख कृषि शाखामा राखिने छ । उक्त कार्य गर्न आ.व. ०७७/०७८ का लागि कुनै किसिमको शुल्क लाग्ने छैन । त्यसपछि तिलोत्तमा आर्थिक ऐन बमोजिम हुनेछ ।

**१३. कार्य समितिको अवधिः** हरेक विषयगत कृषक समूह, वडास्तरीय कृषि फार्म समन्वय समिति, वडा स्तरीय कृषि समिति (संजाल) र नगर स्तरीय कृषि समिति (संजाल) को कार्य अवधि २ वर्षको हुने छ । त्यसपाछि सो कार्य समिति पुनर्गठन गर्नु पर्ने छ ।


**१४. नविकरणः** विषयगत कृषक समूह हरेक वर्ष नविकरण गर्नु पर्ने छ । वडास्तरीय कृषि फार्म समन्वय समिति, वडा स्तरीय कृषि समिति (संजाल) र नगर स्तरीय कृषि समिति (संजाल) को हकमा हरेक २ वर्षमा नविकरण गर्नु पर्ने छ । नविकरण नगरेको संस्थासंग सहकार्य गर्न नगर पालिका बाध्य हुने छैन ।

**१५. कार्यविधिमा संशोधनः** आवश्यक परेमा नगर कार्यपालिकाको बैठकबाट कार्यविधिमा संशोधन गर्न सकिने छ ।

**१६. खारेजी र बचाउः** यस अघि यस नगरपालिकाबाट भएका यस कार्यविधिसँग सम्बन्धित विषयका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची (१)

## कृषि समिति संजालको अवधारणा चित्र :
## परिच्छेद (२) दफा (११) सँग सम्बन्धित



**अनुसूची २**
**परिच्छेद (३) दफा (१२) को उपदफा (१) सँग सम्बन्धित**
**कृषक समूह दर्ता प्रमाण–पत्र नमूना**

"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर
सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल**

दर्ता नं.:

**कृषक समूह दर्ता प्रमाण–पत्र**

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस नगरपालिकाको वडा नं. .... गाउँ/टोल ............................ मिति ........................ मा गठित श्री ........................... कृषक समूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

मितिः २०..../..../...

...........................
कृषि/पशु शाखा प्रमुख

............................................................................ पछाडि

## समूह संचालन बारे विशेष जानकारी

१. समूहको प्रमुख उद्देश्यः
२. समूहको किसिमः महिला/पुरुष/मिश्रित
३. समूहको नविकरण हरेक बर्षमा गर्ने ।
४. बैठकको निर्णय र प्रगति प्रत्येक महिना कृषि/पशु शाखालाई लिखित जानकारी दिने । जानकारी नदिने कृषक समूहलाई निस्कृय समूहको अभिलेखमा राखिनेछ । प्रत्येक चौमासिकमा तिलोत्तमा नगरपालिका कृषि/पशु शाखा र वडा स्तरीय कृषि समिति (संजाल) लाई प्रगति प्रतिवेदन दिनु पर्ने छ ।

| क्र.सं. | नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|
| | | | दस्तखत | कार्यालयको छाप |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ३
## परिच्छेद (३) दफा (१२) को उपदफा (१) सँग सम्बन्धित
## वडास्तरीय कृषि फार्म समन्वय समिति दर्ता प्रमाण–पत्र नमूना

"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर
सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल**

दर्ता नं.:

**वडास्तरीय कृषि फार्म समन्वय समिति दर्ता**
**प्रमाण–पत्र**

छरिएर रहेका कृषि फार्महरुलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस नगरपालिकाको वडा नं. .... मा मिति ........................... मा गठित श्री वडा स्तरीय कृषि फार्म समन्वय समितिलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

मिति:
२०..../..../...

...........................
कृषि/पशु शाखा प्रमुख

............................................................................................ पछाडि

**फार्म समन्वय समिति संचालन बारे विशेष जानकारी**

१. समितिको नविकरण हरेक २ वर्षमा गर्ने ।

२. बैठकको निर्णय र प्रगति प्रत्येक महिना कृषि/पशु शाखालाई लिखित जानकारी दिने । जानकारी नदिने समितिलाई निस्कृय समितिको अभिलेखमा राखिने छ ।

| क्र.सं. | नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|
| | | | दस्तखत | कार्यालयको छाप |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची - ४
## परिच्छेद (३) दफा (१२) को उपदफा (२) सँग सम्बन्धित
## वडास्तरीय कृषि समिति (संजाल) दर्ता प्रमाण–पत्र नमूना

समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर
सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल**

दर्ता नं.:

**वडास्तरीय कृषि समिति (संजाल) दर्ता प्रमाण–पत्र**

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस नगरपालिकाको वडा नं. .... मा मिति ........................... मा गठित श्री वडा स्तरीय कृषि समिति (संजाल) लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

मिति: २०..../..../...

...........................
कृषि/पशु शाखा प्रमुख

.................................
प्रमुख प्रशासकीय अधिकृत

........................................................................................ पछाडि

**समिति (संजाल) संचालन बारे विशेष जानकारी**

१. समिति (संजाल)को नविकरण हरेक २ वर्षमा गरिनेछ ।
२. समिति सदस्य थपघट भए सो को जानकारी अनिवार्य रुपमा कृषि शाखामा दिनु पर्ने ।
३. बैठकको निर्णय र प्रगति प्रत्येक महिना कृषि/पशु शाखालाई लिखित जानकारी दिने । जानकारी नदिने समितिलाई निस्कृय समितिको अभिलेखमा राखिने छ ।

| क्र.सं. | नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|
| | | | दस्तखत | कार्यालयको छाप |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची - ५
### परिच्छेद (३) दफा (१२) को उपदफा (३) सँग सम्बन्धित
# नगर स्तरीय कृषि समिति संजाल दर्ता प्रमाणपत्र नमूना

"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहर
सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल**

**नगर स्तरीय कृषि समिति संजाल दर्ता प्रमाणपत्र**

दर्ता नं.:

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले यस नगरपालिकामा मिति ........................... मा गठित श्री नगर स्तरीय कृषि समिति (संजाल) लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

मिति: २०७७/..../...

| .......................... | ................................. | ................................. |
|---|---|---|
| कृषि/पशु शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | नगर प्रमुख |

...................................................................................................पछाडि

## नगर स्तरीय कृषि समिति संजाल संचालन बारे विशेष जानकारी

१. समिति (संजाल)को नविकरण र पुनर्गठन हरेक २ वर्षमा गरिने छ ।

२. समतिको सदस्य फेरबदल भएमा सोको जानकारी स्थानीय कृषि व्यावसाय प्रवर्द्धन समितिमा दिनु पर्ने छ ।

३. प्रत्येक बैठकको निर्णय र कार्य प्रगति विवरण सचिवालयमा राख्नु पर्ने छ ।

| क्र.सं. | नविकरण मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकारीको | |
|---|---|---|---|---|
| | | | दस्तखत | कार्यालयको छाप |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले**

**प्रमाणीकरण मिति: २०७७/१०/५**

**(माधव प्रसाद शर्मा)**
**प्रमुख प्रशासकीय अधिकृत**